# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
३ नम्बर प्रदेश, नेपाल

फोन ०५६-५८२८८५
०५६-५८२००६


प.सं. : ०७५।७६
च.नं. ६१८५

मिति : २०७६।०१।२०

**विषय : विशेषज्ञ/विषय विशेषज्ञ सूचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा रिक्त रहेका र रिक्त हुने स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा नियमानुसार करारमा शिक्षक नियुक्ति तथा नियमानुसार प्रधानाध्यापक नियुक्तिको लागि छनौट समितिमा रही कार्य गर्न इच्छुक देहाय अनुसार योग्यता पुगेका यस नगरपालिका र सिमाना जोडिएका नगरपालिका (रत्ननगर न.पा., राप्ती न.पा. र कालिका न.पा.) मा कार्यरत इच्छुक शिक्षकहरुले निम्नानुसार कागजात सहित तोकिएको ढाँचाको निवेदन मिति २०७६।०१।२६ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आधारभूत तह (कक्षा १-५ र ६-८) को लागि आवश्यक न्यूनतम योग्यता**

१. शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको
२. सम्बन्धित तह/विषयको स्थायी शिक्षकमा नियुक्ति भई परीक्षणकाल पूरा गरेको

**माध्यामिक तहको लागि**

१. शिक्षा शास्त्रमा स्नातकोत्तर तह उर्त्तीण गरेको
२. सम्बन्धित तह/विषयको स्थायी शिक्षकमा नियुक्ति भई परीक्षणकाल पूरा गरेको

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
४. स्थायी नियुक्ति पत्रको प्रतिलिपि

**पुनश्च:**

क. माथिल्लो तहमा सूचिकृत हुने विशेषज्ञहरु तल्लो तहको लागि समेत विशेषज्ञ भई कायम गर्न चाहेमा निवेदनमा सो व्यहोरा खुलाई माथिल्लो तहका लागि तोकिएको दस्तुर मात्र जम्मा गर्नु पर्नेछ ।
ख. आधारभूत तह कक्षा १-५ को लागि सूचीकृत हुने विशेषज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम र विशिष्टीकरण तालिका बमोजिम सबै विषयका प्रश्नहरु अंग्रेजी र नेपाली दुबै माध्यममा तयार गर्न तथा उत्तरपुस्तिका परीक्षण गर्न सक्नुपर्नेछ ।
ग. आधारभूत तहको कक्षा ६-८ र माध्यामिक तहको लागि विषयगतरुपमा सूचिकृत गरिनेछ ।
घ. निवेदन साथ आधारभूत तह कक्षा १-५ को लागि रु.१०००।००, आधारभूत तह ६-८ का लागि रु.१५००।०० र माध्यामिक तहका लागि रु.२०००।०० सूचीकृत बापतको दस्तुर नगरपालिकाको राजश्व शाखामा जम्मा गरेको रसिद पेस गर्नुपर्नेछ ।

(महेन्द्र प्रसाद पौड्याल)
स्थानीय शिक्षा अधिकारी

मिति : २०७६।......।......

श्री खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी, चितवन ।

**विषय : विशेषज्ञ/विषय विज्ञमा सूचिकृत हुन पाऊँ ।**

प्रस्तुत विषयमा त्यस कार्यालयको मिति २०७६।०१।२० को सूचना अनुसार करारमा शिक्षक तथा प्रधानाध्यापक छनौट गर्नको लागि छनौट समितिमा विशेषज्ञका रुपमा रही कार्य गर्नको लागि इच्छुक रहेको र तोकिए बमोजिमको योग्यता पुगेकोले देहायको व्यक्तिगत विवरण र आवश्यक कागजात संलग्न गरी सूचीकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

१. शिक्षकको नाम,थर :

२. स्थायी ठेगाना :

३. जन्म मिति :

४. नागरिकता नं., जारी गरेको जिल्ला र मिति :

५. विशेषज्ञ/विषय विज्ञ हुन चाहेको तह :

६. कार्यरत तह/श्रेणी :

७. कार्यरत विद्यालय :

८. शैक्षिक योग्यता :

| क्र.स. | शैक्षिक योग्यता | संकाय | मुख्य विषय | प्राप्ताङ्क प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|
| १ | एलएलसी | | | | |
| २ | प्रविणता प्रमाणपत्र/उच्च माध्यामिक शिक्षा परीक्षा कक्षा १२ उत्तीर्ण | | | | |
| ३ | स्नातक उत्तीर्ण | | | | |
| ४ | | | | | |
| ५ | स्नातकोत्तर उत्तीर्ण | | | | |
| ६ | | | | | |
| | | | | | |

निवेदकको दस्तखत :
नाम, थर :

१०. स्थायी नियुक्ति तह र मिति :
११. स्थायी नियुक्तिको विषय :
१२. अध्यापन गरिरहेको तह र विषय :
१३. मुख्य तालिमको नाम, अवधि र लिएको वर्ष :

**संलग्न कागजातहरु**

१. नागरिकताको प्रमाणपत्र प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि थान
३. स्थायी नियुक्ति पत्र प्रतिलिपि थान
४. तालिम सम्बन्धी प्रमाणपत्र प्रतिलिपि थान
५. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि